# रामगोपालपुर नगरपालिका
# स्थानीय राजपत्र

खण्ड : ६ रामगोपालपुर नगरपालिका, रामगोपालपुर महोत्तरी माघ २७ गते २०८२ साल संख्या : १

भाग-१

रामगोपालपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रामगोपालपुर, महोत्तरी

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**रामगोपालपुर नगरपालिकाको व्यापार व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०८२**

तेह्रौ नगरसभाबाट स्वीकृत मिति २०८२।१०।२६ गते

सम्वत २०८२ सालको ऐन नं. :- १

CamScanner

# रामगोपालपुर नगरपालिकाको व्यापार व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०८२

अवकेलाल दास
प्रमुख प्रशासकिय अधिकृत

**प्रस्तावना :**

रामगोपालपुर भित्र सञ्चालन हुने व्यापार-व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्थालाई सरल, सहज तथा पहुँच योग्य बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम व्यापार-व्यवसाय र त्यसबाट हुने कारोवारको व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले रामगोपालपुर नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम रामगोपालपुर व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन रामगोपालपुर नगरपालिका भर लागु हुनेछ ।

(३) यो ऐन नगर सभाबाट पारित भएको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उनाउ व्यक्ति" भन्नाले साझेदारी फर्मको सम्बन्धमा साझेदार बाहेकका अरु कुनै व्यक्ति सम्झनुपर्छ ।

(ख) "एजेन्ट" भन्नाले प्रदेशको भौगोलिक सीमा क्षेत्रभित्र कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी वा संस्थाको एजेन्सी लिई एजेन्टको कामकाज गर्नका निमित्त दफा ५९ बमोजिम नाम दर्ता गरेको व्यक्ति वा फर्म सम्झनुपर्छ ।

(ग) "जिम्मेवार व्यक्ति" भन्नाले निजी फर्मको धनी, साझेदारी फर्मको साझेदार, एजेन्ट वा त्यस्तो फर्म वा एजेन्टका तर्फबाट काम गर्ने आधिकारिक व्यक्ति सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

अवकेलाल दास
प्रमुख प्रशासकिय अधिकृत

(ङ) "दर्ता किताब" भन्नाले निजी फर्म, साझेदारी फर्म वा एजेन्टको नाम दर्ता गर्ने प्रयोजनको लागि खडा गरी राखेको किताब सम्झनुपर्छ।

(च) "दर्ताको प्रमाणपत्र" भन्नाले यस ऐन बमोजिम दर्ता भएका फर्म वा एजेन्टले प्राप्त गरेको प्रमाणपत्र सम्झनुपर्छ।

(छ) "रामगोपालपुर नगरपालिका" भन्नाले रामगोपालपुर नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ।

(ज) "निरीक्षक" भन्नाले यस ऐन बमोजिम फर्म वा एजेन्टले गर्ने व्यापार-व्यवसाय सम्बन्धी कामको निरीक्षण गर्ने प्रयोजनको दफा ६८ बमोजिम नगरपालिकाले खटाएको व्यक्ति सम्झनुपर्छ।

(झ) "निजी फर्म" भन्नाले निजी वा अन्य नामबाट व्यापार-व्यवसाय गर्नको लागि दफा ४ बमोजिम दर्ता भएको एकल स्वामित्वको फर्म सम्झनुपर्छ।

(ञ) "फर्म" भन्नाले व्यापार-व्यवसाय गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम दर्ता भएको निजी फर्म वा साझेदारी फर्म सम्झनुपर्छ।

(ट) "व्यापार-व्यवसाय" भन्नाले उद्योग, वाणिज्य, पेशा वा वृत्ति गर्नका लागि यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा एजेन्टले गर्ने व्यापार-व्यवसाय सम्झनुपर्छ।

(ठ) "सम्बन्धित निकाय" भन्नाले व्यापार-व्यवसायको दर्ता, नियमन र सहजीकरण गर्नका लागि पूँजीको सीमा अनुसार तोकिए बमोजिमका महाशाखा वा शाखा सम्झनुपर्छ।

(ड) "साझेदारी फर्म" भन्नाले दुई वा दुई भन्दा बढी व्यक्तिहरूले एउटै नाम राखी मुनाफा वण्डा लगाउने गरी सबै साझेदारले प्रत्येक साझेदारका लागि वा कुनै साझेदारले सबै साझेदारका लागि सबै कारोबारमा भाग लिन आपसमा सम्झौता गरी दफा १७ बमोजिम दर्ता भएको साझेदारी फर्म सम्झनुपर्छ।

## परिच्छेद-२

## निजी फर्म दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्था

३. **दर्ता नगरी निजी फर्म सञ्चालन गर्न नहुने :**

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(१) यो ऐन प्रारम्भ भएपछि यो ऐनबमोजिम दर्ता नगराई कसैले पनि निजी फर्म सञ्चालन गर्न र त्यस्तो दर्ता नभएको निजी फर्मको नामबाट कुनै पनि किसिमको व्यापार-व्यवसाय गर्न पाउने छैन।

(२) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम दर्ता भएका फर्मले एक वर्षभित्र सम्बन्धित निकायमा दर्ता अद्यावधिक गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम अद्यावधिक नगरेमा तोकिए बमोजिमको जरिवाना तिरी अद्यावधिक गर्न सकिनेछ।

४. **निजी फर्म दर्तासम्बन्धी व्यवस्था :**

(१) यस ऐन बमोजिम निजी फर्म दर्ता गर्न चाहने व्यक्तिले देहायका कागजात तथा विवरण र तोकिए बमोजिमको दस्तुर संलग्न राखी तोकिए बमोजिमको ढाँचामा सम्बन्धित निकाय समक्ष दरखास्त दिनुपर्नेछ :-

(क) निजी फर्मको नाम,

(ख) निजी फर्मको ठेगाना, सम्पर्क टेलिफोन वा मोबाइल नं. र इमेल ठेगाना,

(ग) व्यापार-व्यवसाय गर्ने ठाउँ एक भन्दा बढी भएमा व्यापार-व्यवसाय गर्ने मुख्य स्थान बाहेक अन्य शाखाको ठेगाना, सम्पर्क टेलिफोन वा मोबाइल नं र इमेल ठेगाना,

(घ) निजी फर्मको उद्देश्य तथा त्यसले कारोबार गर्ने कारोबारको प्रकृति तथा प्रदान गर्ने सेवा तथा तत्सम्बन्धी विवरण,

(ङ) व्यापार-व्यवसाय तथा तत्सम्बन्धी कारोबार सञ्चालन गर्ने मिति,

(च) निजी फर्मको धनीको नाम, ठेगाना तथा तीनपुस्ते विवरण,

(छ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ज) दर्ताको सम्बन्धमा आवश्यक ठानी सम्बन्धित निकायले मागेको आवश्यक विवरण,

(झ) तोकिए बमोजिमको अन्य विवरण।

अच्छेलाल दास
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

(२) उपदफा (१) बमोजिम कसैको दरखास्त परेमा सम्बन्धित निकायले सात दिनभित्र तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी फर्म दर्ता गर्न मनासिब देखेमा तोकिए बमोजिमको ढाँचामा दर्ता किताब खडा गरी फर्मको नाम दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम निजी फर्मको नाम भ्रमपूर्ण, दोहोरो अर्थ लाग्ने तथा पहिले दर्ता भइसकेका अरु फर्मको नाम र प्रचलित कम्पनी ऐनबमोजिम दर्ता भइराखेको लिमिटेड कम्पनीको नाम मिल्ने गरी नाम राखी दर्ता हुने छैन ।

(४) उपदफा (२) बमोजिमको फर्मलाई तोकिएको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिको नाममा समान उद्देश्य भएको एक भन्दा बढी वाणिज्यसम्बन्धी निजी फर्म दर्ता गरिने छैन।

(६) उपदफा (१) बमोजिम दरखास्त जाँचबुझ गर्दा निजी फर्म दर्ता गर्न नसकिने भएमा सम्बन्धित निकायले सोको कारणसहितको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनुपर्नेछ ।

(७) उपदफा (२) बमोजिमको फर्म दर्ताको लगत विद्युतीय स्वरूपमा समेत राख्नुपर्नेछ ।

**५. मुख्य स्थानबाहेक शाखाबाट समेत व्यापार-व्यवसाय हुनसक्ने गरी दर्ता गर्न सकिने:**

(१) यस ऐन बमोजिम दर्ता हुने कुनै निजी फर्मले आफ्नो व्यापार-व्यवसाय गर्ने मुख्य स्थान बाहेक अन्य स्थानबाट समेत व्यापार-व्यवसाय सम्बन्धी कारोबार गर्न चाहेमा सम्बन्धित निकायले व्यापार-व्यवसाय गर्न चाहने प्रत्येक शाखाको लागि तोकिए बमोजिमको दस्तुर लिई दर्ता किताबमा सोही व्यहोरा जनाई शाखालाई समेत तोकिए बमोजिम दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शाखालाई दिइएको दर्ताको प्रमाणपत्र निजी फर्मको दर्ताको प्रमाणपत्रको अवधिसम्म मात्र कायम रहनेछ। शाखाको अस्तित्व निजी फर्मको अस्तित्व भन्दा भिन्न रहने छैन ।

CamScanner

६. महिला, दलित, पिछडिएका वर्ग तथा अपाङ्गता भएका व्यक्तिलाई छुट: व्यापार-व्यवसाय गर्ने प्रयोजनका लागि यस ऐन बमोजिम निजी फर्म दर्ता गर्न चाहने महिला, दलित, पिछडिएका वर्ग तथा अपाङ्गता भएका व्यक्तिलाई निजी फर्म दर्ता गर्न र सोको नवीकरण गर्नका लागि यस ऐन बमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिइनेछ ।

७. **दर्ताको प्रमाणपत्रको अवधि र नवीकरण:** (१) यो ऐन बमोजिम दर्ता र अद्यावधिक भएका निजी फर्मको प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **अनुमति वा इजाजत लिनुपर्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएको कुनै निजी फर्मले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई जिम्मेवार व्यक्तिले त्यस्तो निजी फर्मको नामबाट व्यापार-व्यवसाय सञ्चालन शुरु गर्न सक्ने छैन र यस ऐन बमोजिम निजी फर्म दर्ता भएकै आधारमा त्यस्तो व्यवसाय सञ्चालन गर्न अनुमति वा इजाजत प्राप्त गरेको मानिने छैन।

९. **विवरण हेरफेर गर्नु परेमा स्वीकृति लिनुपर्ने:** दफा ४ को उपदफा (१) बमोजिम पेश गरेको विवरणमा कुनै हेरफेर गर्नुपर्ने भएमा जिम्मेवार व्यक्तिले तोकिए बमोजिम सम्बन्धित निकायको स्वीकृति लिनुपर्नेछ ।

१०. **कानूनी मान्यता नपाउने:** यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम दर्ता नगरी निजी फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कुनै पनि कारोबारले कानूनी मान्यता पाउने छैन ।

११. **सम्बन्धित निकायले विवरण माग गर्न सक्ने:**

(१) यो ऐन बमोजिम दर्ता भएको कुनै निजी फर्मसँग सम्बन्धित निकायले आवश्यक विवरण माग गर्न सक्नेछ ।

(२) उपपदफा (१) बमोजिम माग गरिएको विवरण तोकिएको समयभित्र पेश गर्नु त्यस्तो निजी फर्मको कर्तव्य हुनेछ ।

१२. **निजी फर्म खारेज गर्न सकिने:** (१) देहायको अवस्थामा सम्बन्धित निकायले निजी फर्म खारेज गर्न सक्नेछ :-

अच्युतलाल दास
प्रमुख प्रशासकिय अधिकृत

(क) तोकिएको अवधिभित्र नवीकरण नगराएमा,

(ख) निजी फर्मको धनीले मनासिव कारण दर्शाई आफ्नो फर्म खारेज गरी पाऊँ भनी सम्बन्धित निकायमा निवेदन दिएमा,

(ग) दफा ४ को उपदफा (४) को विपरीत हुने गरी कुनै कुरा ढाँटी फर्म दर्ता गरेको ठहरिएमा,

(घ) सम्बन्धित निकायले माग गरेको दफा ११ बमोजिमको विवरण तोकिएको अवधिभित्र पेश नगरेमा,

(ङ) उद्योग सम्बन्धी निजी फर्मले सम्बन्धित निकायलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(च) उद्योग सम्बन्धी निजी फर्मले इजाजतको शर्त बमोजिम उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेसिनरी औजार वा उपकरण खरिद गरेको वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित निकायमा पेश नगरेमा, वा

(छ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) बमोजिम दर्ता खारेज गरिएमा सम्बन्धित निकायले दर्ता किताबमा सोही व्यहोरा जनाई त्यस्तो फर्मको नाम र मान्यता दर्ता किताबबाट तोकिए बमोजिम हटाउनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (च) वा (छ) वा उपदफा (२) बमोजिम सम्बन्धित निकायले कुनै निजी फर्म खारेज गर्नु अघि त्यस्तो फर्म खारेज गर्नु पर्ने आधार र कारण खुलाई जिम्मेवार व्यक्तिलाई सफाइ पेश गर्ने अवसर दिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम सम्बन्धित निकायबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को निजी फर्म दर्ता गरिने छैन ।

अच्युतलाल दास
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

१३. **दर्ताको प्रभावः**

(१) यस ऐन बमोजिम दर्ता किताबमा कुनै निजी फर्मको धनीको रूपमा दर्ता भएको व्यक्तिलाई सो निजी फर्मले गरेको जुनसुकै काम कारोबारको निमित्त सिर्जित हुने एकल असीमित दायित्व व्यहोर्नु पर्ने व्यक्ति मानिनेछ ।

(२) निजी फर्मको धनीको मृत्यु पश्चात त्यस्तो निजी फर्मले व्यहोर्नु पर्ने दायित्वप्रति निजको सम्पत्ति वा त्यस्तो निजी फर्मको व्यापार-व्यवसाय वा सो को जायजेथा वा मुनाफाबाट प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै किसिमले कुनै पनि किसिमको लाभ लिने वा सोको दावी गर्ने व्यक्ति बाहेक अरु कुनै पनि व्यक्ति जिम्मेवार हुने छैन ।

**परिच्छेद-३**

**साझेदारी फर्मको दर्ता र सञ्चालनसम्बन्धी व्यवस्था**

१४. **साझेदारी कायम हुनेः**

(१) दुई वा दुई भन्दा बढी व्यक्तिहरूले एउटै नाम राखी मुनाफा बण्डा लगाउने गरी कुनै साझेदारले सबै साझेदारका लागि वा सबै साझेदारले प्रत्येक साझेदारका लागि कुनै व्यापार-व्यवसाय सञ्चालन गर्न आपसमा सम्झौता गरेमा तिनीहरूका बीच सो व्यापार-व्यवसाय गर्न साझेदारी कायम भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्ने व्यक्तिहरूलाई एक अर्काको सम्बन्धमा साझेदार भनिनेछ ।

(३) साझेदारले सामूहिक रूपमा व्यापार-व्यवसाय सञ्चालन गर्दा साझेदारी फर्मको नामबाट गर्नुपर्नेछ र त्यस्तो फर्म दफा १७ बमोजिम दर्ता गर्नुपर्नेछ ।

१५. **संगठित संस्था साझेदार नहुनेः** दफा १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संगठित संस्था साझेदारी फर्मको साझेदार हुन सक्ने छैन ।

१६. **एकाघर सगोलको कारोबार साझेदारी भन्न नहुनेः**

(१) एकाघर सगोलको व्यापार- व्यवसायलाई साझेदारी मानिने छैन ।

CamScanner

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकाघर सगोलका अंशियार एक आपसमा अंश लिई छुट्टिएर बसेको भएमा आपसमा सम्झौता गरी साझेदारी व्यवसाय सञ्चालन गर्न सक्नेछन् ।

१७. **साझेदारी फर्म दर्तासम्बन्धी व्यवस्था:** (१) दफा १४ बमोजिम साझेदारी कायम गर्ने सम्झौता भएको एक महिनाभित्र साझेदारहरूले त्यस्तो साझेदारी फर्म दर्ताको लागि देहायका कागजात तथा विवरण र तोकिएको दस्तुरसमेत संलग्न राखी तोकिएको ढाँचामा सम्बन्धित निकायसमक्ष दरखास्त दिनु पर्नेछः-

(क) साझेदारी फर्मको पूरा नाम,

(ख) साझेदारी फर्मको व्यापार-व्यवसाय गर्ने मुख्य ठेगाना, सम्पर्क टेलिफोन वा मोबाइल नं. र इमेल ठेगाना,

(ग) व्यापार-व्यवसाय गर्ने ठाउँ एक भन्दा बढी भएमा व्यापार-व्यवसाय गर्न मुख्य स्थान बाहेक अन्य शाखाको ठेगाना, सम्पर्क टेलिफोन वा मोबाइल नं. र इमेल ठेगाना,

(घ) साझेदारी फर्मले आफ्नो उद्देश्य र कार्यान्वयन गर्न खोजेको व्यवसायको छोटकरी विवरण,

(ङ) प्रत्येक साझेदारको पूरा नाम, थर र निजको स्थायी ठेगाना,

(च) साझेदारको किसिम र प्रत्येक साझेदारले लगानी गरेको पूँजी रकम,

(छ) कुनै साझेदारको अधिकार उपर कुनै बन्देज लगाएको भए सो कुरा,

(ज) साझेदारी फर्मको सञ्चालन वा व्यवस्थापन गर्ने र प्रतिनिधित्व गर्ने साझेदार वा साझेदारहरूको नाम वा जिम्मेवार व्यक्तिको नाम,

(झ) मुनाफा निर्धारण गर्ने तरिका,

(ञ) साझेदारहरू बीच मुनाफा तथा नोक्सान बाँडफाँड गर्ने तरिका,

(ट) साझेदारहरू बीच साझेदारीका सम्बन्धमा भएको सम्झौताको प्रमाणित प्रतिलिपि,

(ठ) दर्ताका सम्बन्धमा आवश्यक ठानी सम्बन्धित निकायले मागेको अन्य कागजात तथा विवरण,

(ड) तोकिए बमोजिमको अन्य विवरण ।

अच्छेलाल दास
प्रमुख प्रशासकिय अधिकृत

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले सात दिनभित्र दरखास्तसँग सम्बन्धित विवरण जाँची फर्म दर्ता हुन सक्ने देखिएमा यस तोकिएबमोजिम दर्ता किताब खडा गरी साझेदारी फर्म दर्ता गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिम साझेदारी व्यवसाय दर्ता नगरी कुनै व्यवसाय सञ्चालन गरेमा त्यस्तो व्यवसायले यस ऐन बमोजिम कानूनी मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (२) बमोजिम दरखास्त जाँचबुझ गर्दा साझेदारी फर्म दर्ता हुन नसक्ने वा आवश्यक कागजात नपुगेमा सम्बन्धित निकायले सोको कारण सहित पाँच दिनभित्र दरखास्तवालालाई जानकारी दिनु पर्नेछ ।

१८. **दर्ताको प्रमाणपत्र दिनुपर्ने:** (१) यस ऐन बमोजिम सम्बन्धित निकायको दर्ता किताबमा फर्मको नाम दर्ता भइ सकेपछि साझेदारहरूको नाममा तोकिए बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको साझेदारी फर्म दर्ताको लगत विद्युतीय स्वरूपमा समेत राख्नुपर्नेछ ।

१९. **मुख्य स्थान बाहेक शाखाबाट समेत व्यापार-व्यवसाय हुनसक्ने गरी दर्ता गर्न सकिने:**

(१) यस ऐन बमोजिम दर्ता हुने कुनै साझेदारी फर्मले आफ्नो व्यापार-व्यवसाय गर्ने मुख्य स्थान बाहेक अन्य स्थानबाट समेत व्यापार-व्यवसायसम्बन्धी कारोबार गर्न चाहेमा सम्बन्धित निकायले व्यापार-व्यवसाय गर्न चाहने प्रत्येक शाखाको लागि तोकिए बमोजिमको दस्तुर लिई दर्ता किताबमा सोही व्यहोरा जनाई शाखालाई समेत तोकिए बमोजिम दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शाखालाई दिइएको दर्ताको प्रमाणपत्र साझेदारी फर्मको दर्ताको प्रमाणपत्रको अवधि सम्म मात्र कायम रहनेछ। शाखाको अस्तित्व साझेदारी फर्मको अस्तित्व भन्दा भिन्न रहने छैन ।

२०. **महिला दलित, पिछडिएको वर्ग तथा अपाङ्गता भएका व्यक्तिलाई छुट:** व्यापार-व्यवसाय गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम साझेदारी फर्म दर्ता गर्न चाहने महिला, दलित, पिछडिएको वर्ग तथा अपाङ्गता भएका व्यक्तिलाई साझेदारी फर्म दर्ता तथा नवीकरण गर्नको लागि लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिइनेछ ।

अच्छेलाल दास
प्रमुख प्रशासकिय अधिकृत

२१. साझेदारी फर्मको नाम भ्रमपूर्ण हुन नहुनेः

(१) कुनै साझेदारी फर्मको नाम राख्दा दोहोरो अर्थ लाग्ने नभई स्पष्ट अर्थ लाग्ने गरी प्रष्ट नाम राख्नुपर्नेछ ।

(२) कुनै साझेदारी फर्मको नाम राख्दा पहिले दर्ता भैसकेको कुनै फर्म, कम्पनी, रजिष्ट्रर्ड, ट्रेडमार्क, पेटेन्ट, डिजाइन वा अन्तर्राष्ट्रिय रूपमा ख्यातिप्राप्त व्यापारिक नाम वा चिन्हसँग मिल्ने वा भ्रम सृजना हुने गरी वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचारको दृष्टिले अनुपयुक्त हुने वा राष्ट्रिय चिन्ह, राष्ट्रिय विभूति, राष्ट्रिय सम्पदा आदिसँग भ्रम सृजना हुने गरी राख्न पाइने छैन ।

(३) उपदफा (२) बमोजिम भ्रमपूर्ण हुने वा अनुपयुक्त हुने नाम राखी कुनै साझेदारी फर्म दर्ता गर्न दफा १७ बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो नाम राखी साझेदारी फर्म दर्ता गर्न इन्कार गरी त्यसको जानकारी दरखास्तवालालाई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएमा दरखास्तवालाले नाम सच्याई साझेदारी फर्म दर्ता गर्न पुनः दरखास्त दिएमा सम्बन्धित निकायले सच्याइएबमोजिमको साझेदारी फर्म दर्ता गर्नुपर्नेछ ।

(५) दर्ता भइसकेको कुनै साझेदारी फर्मको नाम उपदफा (१) बमोजिम भ्रमपूर्ण रहेको भनी सम्बन्धित सरोकारवालाको दरखास्त परेमा सम्बन्धित निकायले तोकिए बमोजिम त्यसको छानबिन गर्नेछ र त्यसरी छानबिन गर्दा त्यस्तो फर्मको नाम भ्रमपूर्ण रहेको देखिएमा त्यस्तो नाम परिवर्तन गर्न जिम्मेवार व्यक्तिलाई आदेश दिन सक्नेछ ।

२२. अनुमति वा इजाजत लिनुपर्नेः

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम दर्ता भएको कुनै साझेदारी फर्मले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानूनबमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई जिम्मेवार व्यक्तिले साझेदारी फर्मको नामबाट व्यापार-व्यवसाय सञ्चालन गर्न सक्ने छैन ।

अच्छेलाल दास
प्रमुख प्रशासकिय अधिकृत

(२) यस ऐनबमोजिम साझेदारी फर्म दर्ता भएकै आधारमा त्यस्तो व्यापार-व्यवसाय सञ्चालन गर्न अनुमति वा इजाजत प्राप्त गरेको मानिने छैन ।

**२३. यस ऐन बमोजिम व्यापार-व्यवसाय गर्नुपर्ने:**

(१) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साझेदारी फर्मले यस ऐन बमोजिम व्यापार-व्यवसाय सञ्चालन गर्नको लागि यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र यस ऐन बमोजिम साझेदारहरूका बीच भएको सम्झौतामा परिवर्तन गरी स्वीकृतिका लागि सम्बन्धितमा निकायसमक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता पेश भएकोमा सम्बन्धित निकायले सात दिनभित्र त्यस्तो सम्झौता स्वीकृत गरी सम्बन्धित साझेदारी फर्मलाई सो को जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृति प्राप्त नगरेसम्म त्यस्तो साझेदारी फर्मले यस ऐनबमोजिम कुनै व्यापार-व्यवसाय सञ्चालन गर्न सक्ने छैन ।

**२४. विवरणमा हेरफेर गर्नुपरेमा स्वीकृति लिनुपर्ने:**

(१) साझेदारी फर्म दर्ता गर्नको लागि दफा १७ बमोजिम पेश गरेको दरखास्त, सो साथ संलग्न विवरण तथा कागजात र सम्झौतामा पछि कुनै हेरफेर गर्नुपरेमा सो कुरा जनाई जिम्मेवार व्यक्तिले सम्बन्धित निकायमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण हेरफेर गर्न सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भएपछि मात्र त्यस्तो विवरण हेरफेर भएको मानिनेछ ।

**२५. नवीकरण गर्नुपर्ने:**

(१) यस ऐनबमोजिम दर्ता भएको साझेदारी फर्म नवीकरणको लागि तोकिए बमोजिमको समयमा तोकिए बमोजिमको दस्तुर संलग्न राखी तोकिएको ढाँचामा सम्बन्धित निकायमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो साझेदारी फर्मको दर्ता किताब, दर्ता लगत र दर्ता प्रमाणपत्रमा नवीकरणको व्यहोरा जनाउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम साझेदारी फर्म नवीकरण नगराई सोही नामबाट कुनै साझेदारी फर्म सञ्चालन गर्न सकिने छैन ।

अच्युतलाल दास
प्रमुख प्रशासकिय अधिकृत

(४) साझेदारी फर्म नवीकरण गर्नको लागि तोकिएको आर्थिक विवरणसहित लेखा परीक्षण प्रतिवेदनसमेत पेश गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम तोकिएको अवधिमा साझेदारी फर्म नवीकरण नगरेमा वा दफा २६ बमोजिम तोकिएको विवरण पेश नगरेमा त्यस्तो व्यवसायले प्रत्येक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको दोब्बर दस्तुर बराबरको विलम्ब दस्तुर तिरी आवश्यक विवरण संलग्न राखी नवीकरण गर्नुपर्ने मिति व्यतीत भएको पाँच वर्ष भित्र साझेदारी फर्म नवीकरणका लागि दरखास्त दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम दरखास्त दिएमा सम्बन्धित निकायले त्यस्तो साझेदारी फर्म नवीकरण गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको अवधिभित्र पनि नवीकरण नगराएको साझेदारी फर्मको दर्ता स्वतः रद्द भएको मानिनेछ।

**२६. सम्बन्धित निकायमा विवरण पेश गर्नुपर्ने:**

(१) साझेदारी फर्मले तोकिएको ढाँचामा प्रत्येक वर्ष आर्थिक विवरण र लेखा परीक्षण गराई वार्षिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको रकम भन्दा कम रकमको कारोबार गर्ने साझेदारी फर्मले सम्बन्धित निकायमा वार्षिक आर्थिक विवरण मात्र पेश गर्न सक्नेछ।

**२७. साझेदारी फर्म खारेज गर्न सक्ने:** (१) देहायको अवस्थामा यस ऐनबमोजिम दर्ता भएको साझेदारी फर्म सम्बन्धित निकायले खारेज गर्न सक्नेछः-

(क) कुनै साझेदारी फर्मले, दफा २५ को अधीनमा रही तोकिएको अवधिभित्र नवीकरण नगराएमा,

(ख) साझेदारहरूले मनासिब कारण दर्शाई साझेदारी फर्म खारेज गरी पाउँ भनी सम्बन्धित निकायमा निवेदन दिएमा,

(ग) कुनै साझेदारी फर्मले यस ऐन बमोजिम पेश गर्नुपर्ने विवरण सम्बन्धित निकायमा पेश नगरेमा,

अच्छेलाल दास
प्रमुख प्रशासकिय अधिकृत

अखिलेश दास
प्रमुख प्रशासकीय अधिकृत

(घ) कुनै साझेदारी फर्मले फर्म दर्ता हुँदा पेश गरेको सम्झौतामा उल्लिखित उद्देश्य भन्दा फरक उद्देश्यको व्यापार-व्यवसाय सञ्चालन गरेमा,

(ङ) उद्योग सम्बन्धित साझेदारी फर्मले कार्य सञ्चालन गरी सम्बन्धित निकायलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(च) उद्योग सम्बन्धी साझेदारी फर्मले नवीकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधिभित्र नवीकरण नगराएमा वा नवीकरण गराए पनि इजाजतको शर्तअनुसार उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशिनरी औजार, उपकरणको खरीद वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित निकायमा नदिएमा, वा

(छ) साझेदारी फर्म वा जिम्मेवार व्यक्तिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै काम गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम सम्बन्धित निकायबाट साझेदारी फर्म खारेज गर्नुअघि सम्बन्धित साझेदारी फर्मलाई सफाइ पेश गर्न उचित अवसर दिनुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम सम्बन्धित निकायबाट खारेज भएका साझेदारी फर्मका साझेदारहरू कसैको नाममा पनि एक वर्षसम्म सोही उद्देश्य भएको अर्को फर्म दर्ता गरिने छैन ।

(४) उपदफा (१) बमोजिम साझेदारी फर्म खारेज गरिएमा सम्बन्धित निकायले दर्ता किताबमा सोही व्यहोरा जनाई त्यस्तो फर्मको नाम र मान्यता दर्ता किताबबाट हटाउनुपर्नेछ ।

## परिच्छेद-४

## साझेदारहरूको आपसी सम्बन्ध

**२८. साझेदारहरूको आपसी सम्बन्धः**

(१) साझेदारहरूको आपसमा भएको सम्झौता बमोजिम साझेदारीहरूमा हक र दायित्व कायम हुनेछ। यस्तो सम्झौता लिखित रूपमा भएको हुनुपर्नेछ ।

(२) साझेदारीको सम्झौतामा उल्लेख भएका विषयको हकमा सोही बमोजिम र नलेखिएकोमा यस ऐन बमोजिमको व्यवस्था लागू हुनेछ ।

अखिलेश दास
प्रमुख प्रशासकीय अधिकृत

२९. **साझेदारीको दायित्व निर्वाह गर्ने:** कसैले आफ्नो वचन, लिखत वा आचरणबाट जानी जानी कुनै साझेदारी फर्मको साझेदारको रूपमा आफूलाई प्रतिनिधित्व गरेकोमा निजले गरेको प्रतिनिधित्वमा विश्वास गरी कसैले त्यस्तो साझेदारी फर्मलाई ऋण प्रदान गरेकोमा निज त्यस्तो साझेदारीको साझेदार नभए तापनि त्यस्तो ऋण निज आफैले वा फर्म जोसुकैले लिएको भए तापनि त्यस्तो व्यक्तिले त्यस उपरको दायित्व व्यहोर्नु पर्नेछ ।

तर त्यसरी विश्वासमा पारी ऋण लिने व्यक्तिको दायित्व उपर प्रतिकूल नहुने गरी त्यस्तो फर्म आफैले लिएको वा त्यस्तो ऋणबाट कुनै आर्थिक लाभलिएको हदसम्म सम्बन्धित फर्मले दायित्व व्यहोर्नु पर्नेछ ।

३०. **प्रत्येक साझेदार प्रतिनिधि हुने:** सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक साझेदारी फर्मको प्रत्येक साझेदार त्यस्तो फर्मको व्यवसाय सञ्चालनको प्रयोजनका लागि त्यस्तो साझेदारीको प्रतिनिधि (एजेन्ट) मानिनेछ ।

३१. **साझेदारीमा रहेको जायजेथा:** साझेदारीको जायजेथा देहाय बमोजिम हुनेछः-

(क) साझेदारी कारोबार शुरु हुँदाको सम्पूर्ण जायजेथा,

(ख) साझेदारीको लागि वा त्यसको निमित्त वा त्यसको प्रयोजनमा प्राप्त गरेको जायजेथा,

(ग) साझेदारीले कारोबार गरी कमाएको धन, र

(घ) साझेदारीमा चलाएको कारोबारबाट प्राप्त हुन आएको ख्याति (गुड विल) ।

स्पष्टीकरण: अन्यथा प्रमाणित भएकोमा बाहेक फर्मको रकम लगानी गरी प्राप्त भएको सबै सम्पत्ति र हक फर्मको निमित्त प्राप्त गरेको मानिनेछ ।

३२. **साझेदारको मृत्यु भएपछिको दायित्व:**

(१) कुनै साझेदारको मृत्यु भएपछि पनि साझेदारी फर्मको व्यवसाय सञ्चालन जारी रहेकोमा त्यस्तो साझेदारको मृत्युपछि भएको कुनै काम, कारबाही वा कारोबारको कारणबाट सृजना भएको दायित्व मृतक साझेदारको हकवालाले व्यहोर्नु पर्ने छैन ।

(२) साझेदारको मृत्युपछि हकवालालाई हक हस्तान्तरण गर्ने प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ ।

अच्युतलाल दास
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

(३) उपदफा (१) बमोजिम कुनै साझेदारको मृत्युपछि हक हस्तान्तरण गर्न वा साझेदारी विघटन भई सम्पत्ति बाँडफाँड गर्न कुनै साझेदार उपस्थित नहुने वा बेपत्ता भएमा प्रचलित कानून बमोजिम सूचना जारी गर्ने र म्याद तामेल गर्न सक्नेछ ।

३३. **साझेदारी सम्पत्तिको प्रयोग:** साझेदारी कारोबारको प्रयोगमा बाहेक साझेदारीको सम्पत्ति साझेदारहरूले अरु काममा लगाउन वा लगाउन दिन हुँदैन।

३४. **पूँजी थप्न बाध्य नहुने:** अरु साझेदारले माग गरे पनि साझेदारीको कबुलियतमा तोकेको अङ्कभन्दा बढी पूँजी थप्न कुनै साझेदारलाई बाध्य गर्न हुँदैन ।

३५. **सट्टामा राख नपाउने:** कुनै साझेदारले अन्य साझेदारको मन्जुरीविना अरु कुनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार गराउन र राख पाउँदैन। ३५.

३६. **कारोबारको व्यवस्थापनमा भाग लिन पाउने:**

(१) सम्झौताद्वारा साझेदारी कारोबारको बन्दोबस्तमा भाग लिन नपाउने साझेदार बाहेक अन्य साझेदारले विरोध नगरेसम्म प्रत्येक साझेदारले साझा कारोबारको व्यवस्थापनमा भाग लिन पाउनेछ ।

तर सबै साझेदारको मन्जुरी बेगर साझा कारोबारसँग सम्बन्ध नभएको अरु काम साझेदारीको नामबाट गर्न हुँदैन।

(२) साझेदारीको सबै वा कुनै काम सबै साझेदारले वा सो मध्ये कुनै दुई वा दुई भन्दा बढी साझेदारहरूले संयुक्त रूपमा गर्ने सम्झौता भएकोमा कुनै मनासिव माफिकको कारण परी सम्झौता बमोजिम यस्ता सबै साझेदारहरूले सो

काम गर्न नसक्ने भएमा निजहरूले आफूमध्ये कसैलाई सो काम गर्न अख्तियारी दिन सक्नेछन् ।

३७. **श्रेस्ता हेर्न र नक्कल लिन पाउने:** साझेदारीको हिसाब किताबको श्रेस्ता हेर्न चाहेमा प्रत्येक साझेदारले त्यस्तो श्रेस्ता हेर्न पाउनेछन् र नक्कल लिन चाहेमा सो श्रेस्ता जिम्मा लिने साझेदारले सो श्रेस्ताको सक्कलबमोजिमको नक्कल उतारी आफ्नो सहीछाप गरी दिनुपर्नेछ ।

३८. **पारिश्रमिक र ब्याज:**

(१) साझा कामको व्यवस्थापनको काम गरेवापतको पारिश्रमिक सम्झौतामा तोकिएबमोजिम त्यस्ता काम गर्ने साझेदारले पाउनेछ ।

अच्छेलाल दास
प्रमुख प्रशासकीय अधिकृत

(२) कुनै साझेदारले कबुल गरे भन्दा बढी पूँजी लगाएको भए दश प्रतिशतमा नबढाई लिखतबमोजिमको ब्याज पाउनेछ ।

(३) कुनै साझेदारले जानी जानी लापरवाही गरी साझेदारी व्यवसायमा हानी नोक्सानी पुर्‍याएमा त्यसको बिगो निजले व्यहोर्नुपर्नेछ ।

३९. **साझेदारले आर्जेको मुनाफा साझेदारी फर्मको हुने:** साझेदारी फर्मको कुनै कारोबारको सिलसिलामा वा साझेदारी फर्मको धनमालको उपयोग गरी वा त्यस्तो फर्मको कारोबारको सम्बन्धबाट वा सो फर्मको नाममा कुनै साझेदारले नाफा आर्जन गरेमा सो नाफा र त्यसको हिसाब समेत साझेदारी फर्मलाई बुझाउनुपर्नेछ ।

४०. **साझेदारले बुझाएको रकम हिसाबमा देखाउनुपर्ने:** दफा ३८ र ४२ बमोजिम कुनै साझेदारले कुनै रकम तिरे बुझाएमा सो रकम साझेदारी फर्मको आर्थिक वर्षको नाफा नोक्सानको हिसाब श्रेस्तामा स्पष्ट देखाउनुपर्नेछ ।

४१. **नाफा नोक्सानको बाँडफाँड:**

(१) साझेदारहरूमा नाफा नोक्सानको हिसाब बाँडफाँड गर्दा सम्झौतामा व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा बराबर दरले बण्डा लाग्नेछ ।

(२) कुनै साझेदारले साझेदारी खडा गर्दा लगाएको पूँजीमा ब्याज दिने लिने सम्झौता भए सो ब्याज मुनाफाबाट मात्र तिर्नुपर्नेछ ।

४२. **मुनाफा पाउन नसक्ने:**

(१) कुनै साझेदारले आफ्नो भागको बुझाउनुपर्ने पूँजी साझेदारी फर्मलाई तिरी बुझाई सकेको रहेनछ भने सो बुझाउन पर्ने बाँकी रकम चुक्ता नभएसम्म निजले पाउनुपर्ने मुनाफा बुझिलिन पाउने छैन ।

(२) उपदफा (१) मा लेखिएको कुराले कुनै साझेदारले बुझाएको पूँजी रकम बराबर हुन आउने मुनाफाको हिस्सा निजलाई बाँडफाँड गर्न रोक लगाएको मानिने छैन ।.

## परिच्छेद-५

## साझेदारी फर्म र उनाउ व्यक्तिबीचको सम्बन्ध

४३. **साझेदारी फर्मको दायित्व हुने:**

अखिलाल दास
प्रमुख प्रशासकिय अधिकृत

(१) दफा २९ को अधीनमा रही प्रत्येक साझेदारले साझेदारी फर्मको प्रतिनिधित्व गर्न सक्नेछ र कुनै साझेदारले आफ्नो फर्मको तर्फबाट गरेको कारोबारको सम्बन्धमा सिर्जना भएको दायित्व त्यस्तो फर्मको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कारोबार गर्दा कुनै साझेदारले जालसाजी गरेमा त्यस्तो साझेदारलाई सो फर्मको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्न कुनै साझेदारको उजुरी परेमा सम्बन्धित जिल्ला अदालतले निजलाई त्यस्तो फर्मको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै साझेदारले साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा निजहरू बीच भएको सम्झौतामा बन्देज लगाउन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बन्देज लगाएकोमा सो कुराको जानकारी नपाउने उनाउ व्यक्तिले त्यस्तो साझेदारी फर्मसँग गरेको कारोबारको सम्बन्धमा त्यस्तो फर्मले त्यस्तो दायित्वको निर्वाह गर्नुपर्नेछ ।

४४. **नयाँ साझेदार जवाफदेही नहुने:**

(१) आफू साझेदार हुनुभन्दा अगाडि भए गरेको साझेदारी कामको सम्बन्धमा नयाँ हुने साझेदार जवाफदेही हुने छैन ।

(२) साझेदारीबाट अलग हुने साझेदारलाई निज अलग हुनुअघि फर्मबाट भएको काममा उनाउ व्यक्तिप्रतिको दायित्वबाट उक्त व्यक्तिको लिखित सहमति भएमा उन्मुक्ति प्राप्त हुनेछ ।

(३) उनाउ व्यक्तिलाई कुनै साझेदार साझेदारीबाट अलग भएको छ भन्ने जानकारी भएमा अलग हुने साझेदार आफू अलग भइसकेपछि अरु साझेदारले साझेदारी फर्मको नामबाट भए गरेका कामप्रति निज जवाफदेही हुने छैन ।

४५. **साझेदारले आफ्नो हक बिक्री गर्न सक्ने:** कुनै साझेदारले साझेदारी फर्ममा रहेको आफ्नो सबै हक अरु कसैलाई बिक्री गरी वा बन्धक राखी वा अरु कुनै प्रकारले दिएमा सो साझेदारले सो अवधिभित्र साझेदारी कारोबारबाट पाउने मुनाफा वा अन्य कुनै रकममा सो व्यक्तिले दाबी गर्न सक्नेछ ।

अच्छेलाल दास
प्रमुख प्रशासकिय अधिकृत

तर त्यस्तो व्यक्ति सो फर्मको साझेदार मानिने छैन र सबै साझेदारहरूको मञ्जुरीविना निजलाई सो फर्मको हिसाबकिताब जाँच्ने अधिकार हुने छैन ।

४६. **जवाफदेही हुने:** आफू साझेदार रहँदा साझेदारी फर्मको निमित्त गरिएका सबै कामउपर संयुक्त वा व्यक्तिगत रूपमा प्रत्येक साझेदार जवाफदेही हुनेछन् ।

## परिच्छेद-६

## साझेदारीको विघटन

४७. **साझेदारी विघटन हुने :**

(१) साझेदारहरूको मञ्जुरी वा सम्झौता बमोजिम जुनसुकै बखत साझेदारी विघटन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारी विघटन गर्दा साझेदारहरूले निर्धारण गरे बमोजिम साझेदारीको दायित्व फछ्र्यौट गरी साझेदारी विघटन गर्न सक्नेछन् ।

तर साझेदार बीच दायित्व फछ्र्यौट गर्न कुनै विवाद उत्पन्न भएमा प्रचलित कानूनबमोजिम लिक्विडेटर नियुक्ति गर्नुपर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्त लिक्विडेटरले प्रचलित कानूनबमोजिम साझेदारी फर्मको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गरी त्यसको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।

४८. **लिखित सूचनाद्वारा विघटन हुने :**

(१) कुनै साझेदारी अनिश्चित समयको निमित्त चलाइएको छ भने जुनसुकै साझेदारले अरु साझेदारहरूलाई लिखित सूचना दिई साझेदारी विघटन गराउन सक्नेछ ।

(२) साझेदारहरूको बीचमा अन्यथा मञ्जुरी नभएको भए त्यस्तो सूचनामा लेखिएको मितिदेखि वा मिति नतोकिएको भए सूचना तामेल भएको मितिदेखि साझेदारी विघटन भएको मानिनेछ ।

४९. **जुनसुकै बखत साझेदारी विघटन हुन सक्ने:**

साझेदारहरूमा जुनसुकै व्यहोराको सम्झौता भएको भए पनि कुनै साझेदारले विशेष कारणवस र खास गरी देहायका परिस्थितिमा साझेदारी विघटन गराउन सक्नेछन् :-

अच्युतराज दास
प्रमुख प्रशासकिय अधिकृत

(क) कुनै साझेदार आफूले गरेको सम्झौता बमोजिमको जिम्मेवारी कार्यभार सम्हाल्न असमर्थ भएमा, वा

(ख) अर्को साझेदारले फर्मलाई तिर्न बुझाउनपर्ने रकम नतिरेमा, वा आफूले साझेदारीको हिस्सा अरु साझेदारको मञ्जुरी बेगर कसैलाई हक छाडिदिएमा, वा

(ग) अर्को साझेदारको हक सम्बन्धित जिल्ला अदालतबाट भरी भराउमा परेमा, वा

(घ) अर्को साझेदारले फर्मको कामकारवाहीमा जालसाज वा लापरवाही गरेमा, वा

(ङ) कुनै अर्को साझेदारले कैदको सजाय पाएमा ।

५०. **कार्यकाल पछि स्वतः विघटन हुने:** साझेदारहरूका बीच एक आपसमा भएको सम्झौताको अधीनमा रही कुनै साझेदारी सीमित समयको लागि खडा भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एकभन्दा बढी कामको निमित्त खडा भएकोमा सो काम पूरा भएपछि साझेदारी स्वतः विघटन हुनेछ ।

५१. **साझेदारी स्वतः विघटन हुने:** कुनै साझेदारको मृत्यु भएमा वा साहुको ऋण तिर्न नसक्ने भई दामासाहीमा परेमा साझेदारी स्वतः विघटन हुनेछ।

५२. **उनाउ व्यक्ति प्रतिको दायित्व पूरा गर्नुपर्ने:** साझेदारी विघटन भएको कुरा सार्वजनिक नगरिएको कारण त्यस्ता विघटनको जानकारी साझेदारी फर्मसँग सम्बन्धित उनाउ व्यक्तिलाई नभएमा साझेदारी विघटन भए पनि साझेदारी फर्मको नाममा गरेको काम कारवाहीबाट उनाउ व्यक्ति प्रतिको दायित्व सवै साझेदारले पूरा गर्नुपर्नेछ ।

तर मृत्यु भएका वा दामासाहीमा परेका साझेदारको जेथाबाट निजको मृत्यु भएमा वा दामासाहीमा परेका मिति पछिको काम कारवाहीबापत तिर्नुपर्ने छैन ।

५३. **वारेसद्वारा भाग लिन हुने:** दफा ५१ को अधीनमा रही प्रत्येक साझेदारले आफू वा आफ्नो वारेसद्वारा साझेदारी विघटनको प्रक्रियामा भाग लिन सक्नेछ ।

अच्छेलाल दास
प्रमुख प्रशासकिय अधिकृत

५४. **विघटन भए पछि पनि कायम रहने:** साझेदारी फर्मको विघटनको काम टुङ्ग्याउनलाई जो आवश्यक काम कारवाही र विघटन हुनु पहिले शुरु गरेको अपूरो काम पूरा गर्नलाई साझेदारी विघटन भैसकेपछि पनि साझेदारी फर्मलाई बाध्य गर्न र साझेदारहरूको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साविक बमोजिम कायम रहनेछ ।

५५. **साझेदारी फर्मको हिसाब फछ्यौट गर्ने:** साझेदारहरूको बीचमा भएको सम्झौता र दफा ५० को अधीनमा रही विघटन भएका साझेदारी फर्मको हिसाब फछ्यौट गर्दा देहायबमोजिम गर्नुपर्नेछः-

(क) साझेदारी फर्मको हितमा बाधा नपर्ने गरी सो फर्मको सम्पूर्ण सम्पत्ति नगदमा परिणत गर्ने,

(ख) पूँजी घटेको समेतको नोक्सानी सबभन्दा पहिले मुनाफाबाट र त्यसबाट नपुगे पूँजीबाट र त्यसबाट पनि नपुगे प्रत्येक साझेदारको घर घरानाबाट असुलउपर गर्नुपर्ने,

(ग) पूँजीको कमी भर्ना गर्ने लगायत साझेदारी फर्मको जेथा देहायका क्रम र तरिकाबाट उपयोग गर्नुपर्नेः-

(१) साझेदारी फर्मले उनाउ व्यक्तिलाई तिर्नुपर्ने ऋण रकम रहेछ भने,

(२) पूँजीबाहेकको साझेदारले दिएको कर्जा दामासाहीले,

(३) साझेदारले बुझाएको पूँजीको दामासाहीले, र

(४) शेष बाँकी जेथाबाट साझेदारहरूको भाग हिस्सा बमोजिम मुनाफा बाँड्नमा ।

५६. **जायजेथा भाग नलाग्ने:** साझेदारका बीचमा सम्झौता भएको भए पनि साझेदारी फर्मको बाँकी ऋण र दायित्व चुक्ता नगरी साझेदारी बीच जायजेथा बण्डा गर्न हुँदैन ।

५७. **सम्बन्धित निकायले लिक्विडेटर नियुक्ति गर्न सक्ने:**

(१) साझेदारी फर्मको हिसाबकिताब सम्बन्धमा साझेदारहरू बीच विवाद परेमा सो व्यहोरा उल्लेख गरी कुनै साझेदारले निवेदन दिएमा सम्बन्धित निकायले त्यस्तो फर्मको हिसाब जाँच गर्न लेखापरीक्षक नियुक्त गर्न सक्नेछ ।

अक्षेलाल दास
प्रमुख प्रशासकिय अधिकृत

(२) लेखापरीक्षकले पेश गरेको हिसाबकिताब वा प्रतिवेदनबाट साझेदारी विघटन गर्नुपर्ने देखिए सम्बन्धित निकायले प्रचलित कानून बमोजिम लिक्विडेटर नियुक्त गर्न सक्नेछ ।

(३) दफा ४७ वा यस दफाबमोजिम नियुक्त लिक्विडेटरले आफ्नो कार्य सम्पादन गर्दा प्रचलित कानून बमोजिम फर्म दामासाहीमा परेका बखत लिक्विडेटरले कम्पनी खारेज गर्दा प्रयोग गर्न सक्ने अधिकार प्रयोग गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम नियुक्त लेखापरीक्षक र लिक्विडेटर सम्बन्धित निकाय प्रति उत्तरदायी हुनुपर्नेछ ।

**५८. साझेदारहरू बीचको विवादः**

(१) दफा ४६ मा उल्लेख भएको अवस्थामा बाहेक साझेदारहरू बीच साझेदारीका सम्बन्धमा कुनै विवाद उत्पन्न भई सम्बन्धित निकायमा उजुरी परेमा त्यस्तो निकायले विवाद समाधान गर्न तोकिएबमोजिमको कार्यविधि पूरा गरी आवश्यक आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकायले दिएको आदेशमा चित्त नबुझेमा पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सकिनेछ ।

## परिच्छेद- ७

## एजेन्सी सम्बन्धमा

**५९. एजेन्ट भई काम गर्न नाम दर्ता गराउनुपर्नेः** (१) यो ऐन बमोजिम सम्बन्धित निकायमा एजेन्ट भई काम गर्न एजेन्टको नाम दर्ता गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम एजेन्ट भई काम गर्न चाहने व्यक्तिले एजेन्टमा आफ्नो नाम दर्ता गराउन सम्बन्धित निकायसमक्ष तोकिएबमोजिमका विवरणहरू खुलाई तोकिएको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

**६०. एजेन्टको नाम दर्ता गरी दर्ताको प्रमाणपत्र दिनुपर्नेः**

(१) दफा ५९ बमोजिम एजेन्टको काम गर्न कसैको दरखास्त पर्न आएमा सम्बन्धित निकायले तोकिएको दस्तुर र धरौटी दाखिल गराई एजेन्टको काम गर्न तोकिए बमोजिमको दर्ता किताब खडा गरी नाम दर्ता गरी तोकिए बमोजिम दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

अच्छेलाल दास
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

(२) सम्बन्धित निकायले उपदफा (१) बमोजिम एजेन्टको काम गर्न नाम दर्ता गर्नु अगावै त्यस्तो व्यक्तिसँग तोकिए बमोजिम सम्झौता गर्नुपर्नेछ ।

(३) यस ऐन बमोजिम एजेन्टमा नाम दर्ता गर्दा नेपाली नागरिकलाई प्राथमिकता दिनुपर्नेछ ।

६१. **फाँटवारी दाखिल गर्नुपर्ने:** प्रत्येक एजेन्टले आएको, बिक्री भएको, मौज्दातमा रहेको मालसामान र त्यसको दर भाउको फाँटवारी तोकिएको ढाँचामा तोकिएको समयमा सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-८

## कसूर तथा सजाय

६३. **कसूर गरेको मानिने:** कसैले देहायका काम गरेमा निजले यस ऐनबमोजिम कसूर गरेको मानिनेछ:-

(क) दफा ३ र १७ बमोजिम निजी फर्म वा साझेदारी फर्म दर्ता नगराई व्यापार-व्यवसायको सञ्चालन गरे गराएमा,

(ख) दफा ५८ बमोजिम एजेन्टको काम गर्न नाम दर्ता नगराई व्यापार-व्यवसायसम्बन्धी काम एजेन्टको हैसियतबाट गरे गराएमा,

(ग) नवीकरण गर्नुपर्ने म्यादभित्र नवीकरण नगराई निजी फर्म, साझेदारी फर्म वा एजेन्टको हैसियतमा आफूले गर्दै आएको काम कारोबार गरे गराएमा,

(घ) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भई गर्दै आएको व्यापार-व्यवसाय सम्बन्धी काम यो ऐन बमोजिम अद्यावधिक नगराई सो काम कारोबार गरे गराएमा,

(ङ) निजी फर्म, साझेदारी फर्म वा एजेन्ट दर्ता गर्न पेश गरेको विवरण, कागजात वा सम्झौताका प्रावधानमा सम्बन्धित निकायको स्वीकृति नलिई हेरफेर गरेमा,

(च) जानी जानी प्रचलित कानूनको उल्लङ्घन गरी वा प्रचलित कानून विपरीत व्यापार व्यवसाय सञ्चालन गरे वा गराएमा,

(छ) प्रदेश सरकार, मन्त्रालय, सम्बन्धित निकाय वा निरीक्षकले दिएको आदेश वा निर्देशनको पालना नगरेमा वा सो निर्देशन विपरीत हुने गरी काम गरेमा,

(ज) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम कारोबार गरे गराएमा ।

अखिलाल दास
प्रमुख प्रशासकिय अधिकृत

६४. सजाय: देहाय बमोजिमको कसूर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछ :-

(क) दफा ६३ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई बाह्र हजार पाँच सय रुपैयाँसम्म जरिवाना,

(ख) दफा ६३ को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई पच्चीस हजाररुपैयाँसम्म जरिवाना,

(ग) दफा ६३ को खण्ड (ग) बमोजिमको कसूर गर्ने निजी फर्म, साझेदारी फर्म वा एजेन्टको दर्ता प्रमाणपत्र रद्द गरी पाँच हजार रुपैयाँ सम्म जरिवाना,

(घ) दफा ६३ को खण्ड (घ) बमोजिमको कसूर गर्ने निजी फर्म, साझेदारी फर्म वा एजेन्टको दर्ता रद्द गरी पाँच हजार रुपैयाँसम्म जरिवाना,

(ङ) दफा ६३ को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई बाह्र हजार पाँच सय जरिवाना गरी पाँच वर्षसम्म त्यस्तो व्यापार-व्यवसाय गर्न दर्ताको प्रमाणपत्र लिनमा रोक लगाउने,

(च) दफा ६३ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी दर्ताको प्रमाणपत्र रद्द गर्ने र पाँच वर्षसम्म व्यापार-व्यवसाय गर्न दर्ताको प्रमाणपत्र लिनमा रोक लगाउने,

(छ) दफा ६३ को खण्ड (छ) बमोजिमको कसूर गर्नेलाई पटक्कै पिच्छे पाँच हजार रुपैयाँ जरिवाना,

(ज) दफा ६३ को खण्ड (ज) को कसूर गर्नेलाई बाह्र हजार पाँच सय रुपैयाँसम्म जरिवाना गरी दर्ताको प्रमाणपत्र केही समयका लागि निलम्बन वा रद्द गर्ने ।

६५. **जरिवाना गर्ने अधिकार:** (१) यस ऐनबमोजिम जरिवाना गर्ने अधिकार सम्बन्धित निकायको प्रमुखलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्दा सरकारी वकिलको राय लिन सकिनेछ ।

६६. **पुनरावेदन हेर्ने अधिकार:** यस ऐनबमोजिमको कसूरमा जरिवाना गर्ने अधिकारीले गरेको निर्णय, सम्बन्धित निकायले गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने पक्षले निर्णय पाएको मितिले ३५ (पैतीस) दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

अखिलेश दास
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-९

## विविध

६७. **फर्म अभिलेखीकरण गर्नुपर्ने:** (१) अन्य प्रदेशमा दर्ता भएका निजी तथा साझेदारी फर्मले यस प्रदेशमा कारोवार गर्नका लागि निर्देशालयमा निःशुल्क अभिलेखीकरण गर्नुपर्नेछ ।

(२) निर्देशनालयले प्रदेशभर सञ्चालनमा रहेका फर्महरूको विवरण अद्यावधिक गरी विद्युतीय अभिलेख समेत बनाई राख्नुपर्नेछ

६८. **निरीक्षक खटाउन सक्ने:**

(१) सम्बन्धित निकायले निजी फर्म, साझेदारी फर्म वा एजेन्टले यस ऐन वा प्रचलित कानूनको पालना गरी आफूले सञ्चालन गर्नुपर्ने व्यापार-व्यवसाय सञ्चालन गरे नगरेको कुराको निरीक्षण गर्ने प्रयोजनको लागि आफू मातहतको कुनै कर्मचारीलाई निरीक्षकको काम गर्ने गरी खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटाइएका निरीक्षकले आफूलाई खटाइए बमोजिमको निरीक्षण कार्य सम्पन्न गरी सकेपछि सोको प्रतिवेदन सम्बन्धित निकायसमक्ष पेश गर्नुपर्नेछ ।

६९. **समिति वा उपसमिति गठन गर्न सक्ने:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न मन्त्रालयले आवश्यकता अनुसार समिति वा उपसमितिहरू गठन गर्न सक्नेछ । यसरी गठन गरिएको समिति वा उपसमितिको कार्यदिश, कार्य अवधि, शर्त तथा सुविधा त्यस्ता समिति वा उपसमिति गठन गर्दाको निर्णयमा तोकिएबमोजिम हुनेछ ।

७०. **सम्बन्धित निकायले विवरण सार्वजनिक गर्नुपर्ने:** यस ऐन बमोजिम सम्बन्धित निकायले दर्ता गरेको फर्म र एजेन्टको विवरण सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक गर्नुपर्नेछ ।

७१. **सरकारी बाँकी सरह असुलउपर गर्ने:** मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा कार्यविधि बमोजिम कुनै व्यक्ति, फर्म वा एजेन्टसँग लिनुपर्ने दस्तुर, शुल्क जरिवानाको रकम सरकारी बाँकी सरह असुलउपर गरी लिनुपर्नेछ ।

७२. **प्रचलित कानूनबमोजिम हुने:** (१) यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्य कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अच्छेलाल दास
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कसूर मानी कारवाही तथा सजाय हुने कसूरमा अन्य प्रचलित कानून बमोजिम समेत सजाय हुने रहेछ भने यस ऐन बमोजिम कारवाही र सजाय हुने भएको कारणले प्रचलित कानून बमोजिम मुद्दा चलाउन वा सजाय गर्न कुनै बाधा परेको मानिने छैन ।

७३. **अधिकार प्रत्यायोजन:** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम दर्ता गर्ने अधिकारवाला अधिकारीलाई प्राप्त भएको अधिकार मध्ये केही वा सबै अधिकार आवश्यकता अनुसार आफु मातहतका अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७४. **नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि रामगोपालपुर नगरपालिकाले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

७५. **निर्देशिका तथा कार्यविधि बनाउन सक्ने:** नगरपालिकाले यो ऐन कार्यान्वयन गर्नका लागि यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमका अधीनमा रही आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

७६. **बचाउ:** प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा एजेन्टले गरेको व्यापार-व्यवसाय र सोसँग सम्बन्धित सबै काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले :**

अच्छेलाल दास

प्रमुख प्रशासकीय अधिकृत

अच्छेलाल दास
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत